
annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २४०, पृष्ठ ८ | काठमाडौं, बिहीबार २४ पुस २०८२ | माघ कृष्णपक्ष पञ्चमी, नेपाल संवत् ११४६ | THURSDAY, JANUARY 8, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# १ खर्ब २० अर्ब रोकिँदा विकास ठप्प

चालु वर्षका लागि पुँजीगततर्फ ४ खर्ब ७८ अर्ब ८ करोड ८ लाख बजेट विनियोजन गरिएको छ। झन्डै ६ महिनामा ४१ अर्ब ३५ करोड १४ लाख रुपैयाँमात्रै बजेट खर्च भएको छ। अर्थात्, पुँजीगततर्फ १० दशमलव ३७ प्रतिशत मात्र खर्च भएको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ। यसबाट पनि स्पष्ट हुन्छ, मुलुकको विकास निर्माणको गति। अर्कोतिर, जेन-जी आन्दोलनपछि सरकारले टुक्रे र प्राथमिकतामा नपरेका योजनाको बजेट रोक्का गर्ने निर्णय गर्‍यो। असोज ५ गते संघीय सरकारको उक्त निर्णयपछि अर्थले सबैतिरको विकास बजेट रोकेको सरोकारवाला बताउँछन्।




केशरराज क्षेत्री | *बुटवल*
- को रिपोर्ट

| पुँजीगत बजेट | रोक्का भएको पुँजीगत बजेट | कुल पुँजीगत बजेट खर्च | अघिल्लो वर्ष यस अवधिमा पुँजीगत खर्च | खानेपानी विभागको कुल विकास बजेट | खानेपानी विभागको रोक्का बजेट | सडक विभागको कुल विकास बजेट | सडक विभागको रोक्का बजेट |
|---|---|---|---|---|---|---|---|
| ४ खर्ब ७८ अर्ब | १ खर्ब २० अर्ब | १०.३७% | १६.१३% | १४ अर्ब ५० करोड | १० अर्ब | २० अर्ब | ५ अर्ब ६१ करोड |

समाचार पृष्ठ २

## ११५ दिनमा कुलमानले दिए राजीनामा



**काठमाडौं** (अन्नपूर्ण): चौतर्फी दबाबपछि ऊर्जासहित ३ मन्त्रालयको जिम्मेवारी समालेका कुलमान घिसिङले पदबाट राजीनामा दिएका छन्। प्रधानमन्त्री सुशीला कार्कीसमक्ष उनले बुधबार साँझ राजीनामा पेस गरेका हुन्।

नागरिक सरकारका मन्त्री घिसिङ पार्टीको राजनीतिमा सक्रिय रहेको भन्दै राजीनामा दिनुपर्ने दबाब सिर्जना भएको थियो। रास्वपा, काठमाडौं महानगरका मेयर बालेन शाह र मन्त्री घिसिङ संरक्षकत्वको उज्यालो नेपाल पार्टीबीच मंसिर २४ गते एकता भएको थियो। उक्त अवसरमा घिसिङलाई रास्वपाको उपसभापति भएको घोषणा गरिएको थियो। त्यस लगत्तै राजनीतिक दल, जेन-जी र नागरिक समाजबाट पनि घिसिङलाई राजीनामा दिन दबाब परेको थियो। अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीले सोमबारको मन्त्रिपरिषद् बैठकमा पनि घिसिङलाई राजीनामा दिन निर्देशन दिएकी थिइन्।

राजीनामापछि प्रधानमन्त्री कार्कीले साढे तीन महिना तीनवटा महत्वपूर्ण मन्त्रालयको कुशल नेतृत्व प्रदान गरेको भन्दै घिसिङलाई बधाई र धन्यवाद दिएकी थिइन्। 'निकै प्रतिकूल अवस्थामा तपाईंले यो सरकारमा सामेल भएर देशका निम्ति ठूलो गुन लगाउने गरी काम गर्नुभयो', प्रधानमन्त्री कार्कीले भनेकी थिइन्।

मन्त्री घिसिङले पनि अन्तरिमकालमा काम गर्ने अवसर प्रदान गरेको भन्दै प्रधानमन्त्रीप्रति आभार प्रकट गरेका थिए। उनले ऊर्जा, जलस्रोत तथा सिँचाइका साथै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए। राजीनामा पछि घिसिङले आफू राजनीतिक यात्रामा निस्केको स्पष्ट पारे। 'उपयुक्त समय नै आएको छ, भोलिदेखि मेरो राजनीतिक जीवन सुरु हुन्छ, उनले भने, 'मन्त्रीको पदबाट राजीनामा दिएर आएको छु तर जनताको पक्ष, राष्ट्रको हित र सत्यको बाटोबाट कहिल्यै बाहिरिने छैन।'

उनले उज्यालो नेपाल बनाउन अब राजनीतिक यात्रामा लाग्ने घोषणा पनि गरे। उनले भने, 'उज्यालो नेपाल बनाउन सशक्त रूपमा अबको मेरो बाटो राजनीतिक यात्रा हुनेछ। यसैमा म अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।'

» बाँकी पृष्ठ ६

# राष्ट्रियसभा निर्वाचन, कांग्रेस-एमाले गठबन्धन

### नेकपा र साना दलका छुट्टाछुट्टै उम्मेदवार

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



राष्ट्रियसभा निर्वाचनका लागि कांग्रेस र एमालेले गठबन्धन गरेर उम्मेदवार दर्ता गरेका छन्। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र जनता समाजवादी पार्टी नेपाल बागबन्डा नमिलेको भन्दै गठबन्धनमा अटाएनन्। उनीहरूले छुट्टाछुट्टै उम्मेदवारी दर्ता गरेका छन्। भागबन्डामा कुरा नमिल्दा नेकपा र जसपा नेपाल गठबन्धनमा नअटाएको नेताहरूले बताएका छन्।

यद्यपि, कांग्रेस र एमालेले ७/७ सिट छुट्ट्याएर नेपाली कम्युनिस्ट पार्टीलाई ३ र जसपा नेपाललाई १ सिटको भागबन्डा गरेका थिए। तर, नेपाली कम्युनिस्ट पार्टीले ४ सिटको दाबी गर्‍यो भने जसपा नेपालले पनि १ को सिटमा चित्त बुझाएन। जसका कारण उनीहरूले कांग्रेस एमालेको गठबन्धनमा सहभागी नभएर एक्ला एक्लै उम्मेदवारी दर्ता गरे।

नेपाली कम्युनिस्ट पार्टी र जसपा नेपाल गठबन्धनमा नआएपछि कांग्रेसले ९ र एमालेले ८ सिटको भागबन्डा गरेका छन् भने एक सिट लोकतान्त्रिक समाजावादी पार्टी (लोसपा)ले पाएको छ। नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टी (जसपा)नेपालसँग हुने भनिएको गठबन्धन हुन नसकेको कांग्रेसका प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले जानकारी दिए।

**कांग्रेसका ९ उम्मेदवार को-को ?**

कांग्रेसबाट कोशी प्रदेशको अन्य समूहबाट सुनीलबहादुर थापा (धनकुटा) उम्मेदवार बने। थापा निर्विरोध निर्वाचित भइसकेका छन्। औपचारिक घोषणा भने पुस २७ गते मात्रै हुने निर्वाचन आयोगले जनाएको छ। उक्त कोटामा थापाको मात्रै उम्मेदवारी परेको थियो। नेपाली कम्युनिस्ट पार्टीबाट उम्मेदवारी दिने भनिएका हेमराज घिमिरेको उम्मेदवारी परेन। थापाको मात्रै एकल उम्मेदवारी परेपछि निर्विरोध भए। थापा राष्ट्रपति रामचन्द्र पौडेलका प्रमुख सल्लाहकार थिए। उनले केही दिनअघि मात्रै राजीनामा दिएका थिए। थापा पूर्वप्रधानमन्त्री एवं पञ्चायतकालदेखिका प्रभावशाली नेता स्व. सूर्यबहादुर थापाका छोरा हुन्।

कांग्रेसको मधेश प्रदेशको दलित कोटाबाट धमेन्द्र पासवान (रौतहट), अपांगता/अल्पसंख्यकबाट रन्जित कर्ण (सप्तरी)को उम्मेदवारी परेको छ। त्यस्तै गण्डकी प्रदेशको अन्य समूहबाट जगत तिमिल्सिना (तनहुँ), लुम्बिनी प्रदेशको अपांगता/अल्पसंख्यकबाट वासुदेव जंगली (दाङ), अन्य समूहबाट चन्द्रबहादुर केसी (गुल्मी) को मनोनयन भएको छ।

त्यस्तै कर्णालीबाट अन्य समूहमा ललितजंग शाही र सुदूरपश्चिमबाट अन्य समूहमा खम्मबहादुर खाती (बाजुरा) लाई कांग्रेसले उम्मेदवार बनाएको छ। खाती पूर्वमहान्यायाधिवक्ता हुन्। जसमा शेखर कोइराला पक्षबाट ३ जना छन्। गठबन्धनबाट उम्मेदवार बनेका रञ्जित कर्ण, बासुदेव जंगली र गीता देवकोटा डा. शेखर पक्षका हुन्। गगन पक्षबाट भने एक जना पनि परेका छैनन्।

» बाँकी पृष्ठ ६

## इरानी प्रदर्शनमा कम्तीमा ३६ को मृत्यु



**तेहरान** (एजेन्सी) : मानव अधिकार संगठनका अनुसार इरानमा विगत १० दिनदेखि भइरहेको विरोध प्रदर्शनका क्रममा कम्तीमा ३६ जनाको मृत्यु भएको छ। इरानस्थित मानव अधिकार कार्यकर्ता एजेन्सीले मृत्यु हुनेमध्ये ३४ जना प्रदर्शनकारी रहेको र दुई जना सुरक्षा बलका सदस्य रहेको जनाएको छ।

इरानी अधिकारीहरूले भने अहिलेसम्म मृत्यु हुनेको आधिकारिक संख्या पुष्टि गरेका छैनन्। यद्यपि उनीहरूले तीन सुरक्षाकर्मी मारिएको बताएका छन्। मानव अधिकार कार्यकर्ता एजेन्सीका अनुसार हिंसाका क्रममा ६० भन्दा बढी प्रदर्शनकारी घाइते भएका छन्। २ हजार ७६ जनालाई पक्राउ गरिएको जनाइएको छ।

# महामन्त्रीद्वय जसरी पनि विशेष महाधिवेशनको अडानमा, संस्थापन रोक्ने दाउमा

**राधा खनाल** | *काठमाडौं*





कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पक्षले बुधबार पार्टीको विशेष महाधिवेशनको कार्यतालिका सार्वजनिक गर्‍यो। त्यसपछि संस्थापन पक्षका तर्फबाट साँझ वक्तव्य जारी भयो- विशेष महाधिवेशनमा सहभागी नहुनुस्।' लगत्तै महामन्त्रीद्वय थापा र शर्माले संयुक्त विज्ञप्ति जारी गरेर विशेष महाधिवेशनको आह्वान गरे। महामन्त्रीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'बदलिएको समयको कांग्रेसका लागि, बदल्नुपर्ने देशका लागि हो। हामी पार्टीमा नयाँ ऊर्जा भर्न दृढ संकल्पित छौं। जस्तोसुकै कठिन अवस्थामा पनि पार्टीलाई एकढिक्का राख्न हामी कटिबद्ध एवं प्रतिबद्ध छौं।'

कांग्रेसमा यतिबेला महाधिवेशनको विषयमा रडाको मच्चिएको छ। महामन्त्रीद्वय थापा र शर्मा पक्षले पुस २७ र २८ गते विशेष महाधिवेशनको आह्वान गरेपछि विवाद चर्केको छ। महामन्त्रीद्वय पक्षधरले पार्टीको नीति र विधिअनुसार विशेष महाधिवेशन बोलाइएको दाबी गरेको छ। संस्थापन पक्षले भने केन्द्रीय कार्यसमितिलाई मात्रै महाधिवेशन गर्ने अधिकार भएको भन्दै विशेष महाधिवेशनमा सहभागी नहुन सर्कुलर जारी गरेको छ।

केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा पार्टीले विशेष महाधिवेशन नचिन्ने र उक्त सम्मेलनमा उपस्थित हुन जिल्लाबाट राजधानी आउने कष्ट नगर्नु कार्यकर्तालाई आग्रह गरिएको छ। तर, महामन्त्रीद्वयले भने विधानको पालना गर्दै पार्टीलाई जीवन्त बनाउन विशेष केन्द्रीय महाधिवेशन आह्वान गरिएको भन्दै सहभागी हुन महाधिवेशन प्रतिनिधिहरूलाई आग्रह गरिएको छ।

महामन्त्रीद्वयद्वारा जारी विज्ञप्तिमा भनिएको छ- 'केन्द्रीय कार्यसमितिले नै विशेष महाधिवेशन बोलाउनु उपयुक्त हुन्छ भनेर हामीले अधिकतम प्रयास गर्‍यौं, तर केन्द्रीय कार्यसमितिबाट यो संभव हुन सकेन। विधानबमोजिम निवेदन दिइसकेपछि विशेष महाधिवेशन बोलाउन नसक्ने अवस्थाको परिकल्पना नेपाली कांग्रेसको विधानले गरेको छैन। विधानबमोजिम कारणसहित माग गरेको विशेष महाधिवेशनलाई असान्दर्भिक वा औचित्यहिन भन्ने अधिकार विधानले कसैलाई प्रदान गरेको छैन। यस्तो अवस्थामा विधानसम्मत माग बेवारिसे हुन सक्दैन, महाधिवेशन आफैं क्रियाशील हुन्छ र तोकिएको समय सीमाभित्र विशेष महाधिवेशन हुन्छ भन्ने कुरा हामीले पार्टी बैठकमा पटक-पटक राखेका हौं।' विज्ञप्तिमा अगाडि भनिएको छ- 'बहुमत महाधिवेशन प्रतिनिधिहरूद्वारा गरिएको विशेष महाधिवेशनको मागप्रति हाम्रो ऐक्यबद्धता रहेको छ। पुस २८ भित्र विशेष महाधिवेशन गर्नका लागि हस्ताक्षरकर्ता महाधिवेशन प्रतिनिधिको तर्फबाट भएको प्रयास महाधिवेशन प्रतिनिधिको वैधानिक अधिकार हो। पुस २७ र २८ का लागि तय भएको विशेष महाधिवेशन कानुनी र राजनीतिक रूपमा समेत अपरिहार्य र बाध्यकारी बनेको छ।'

विधानबमोजिम बाध्यकारी रहेको विशेष महाधिवेशन नबोलाउनु, विधानको पालना नगर्नु, जिम्मेवारीबमोजिम काम नगर्नु विधान र राजनीतिक दलसम्बन्धी कानुनको समेत विपरीत रहेको महामन्त्रीद्वयको आरोप छ।

**सभापति बन्नका लागि विशेष महाधिवेशन बोलाएको हैन, पार्टी फुट्दैन : महामन्त्री थापा**

महामन्त्री थापाले आफू सभापति बन्नका लागि विशेष महाधिवेशन नबोलाइएको दाबी गरेका छन्। उनले भ्रम छर्ने काम गरिएको भन्दै आपत्ति पनि जनाएका छन्। विशेष महाधिवेशन गर्ने विषयमा बुद्धिजीविहरूसँगको बुधबारको छलफलमा महामन्त्री थापाले यस्तो बताएका हुन्। थापाले आफू सभापति बन्ने चाहना नभएको र उक्त स्थानमा जो नेता सभापति बन्न इच्छुक भए पनि अगाडि आउन आग्रह गरे। 'हतार-हतार अरूलाई हटाएर सभापति बन्न खोज्यो भन्ने आरोप आयो। हामीलाई सभापति बन्नु छैन बाबा। को बन्नुछ बन्नुस्,' थापाले भने, 'तपाईंहरूमध्ये कुन नेतालाई बन्नुछ बन्नुछ। डा. शेखर कोइरालालाई बन्नुछ बन्नुस्। अर्को नेता बन्नुछ बन्नुस्। तर, पार्टीलाई ठीक ठाउँमा उभ्याउनुपर्छ भन्ने हाम्रो भनाइ हो।'

महामन्त्री थापाले पार्टीलाई ठीक ठाउँमा उभ्याउने आफूहरूको प्रमुख उद्देश्य रहेको बताए। थापाले भने, '२३ र २४ गतेअघि हामी ठीक थिएनौं भन्ने कुरा हामीले राख्यौं। हामी उभिएको ठाउँ ठीक थिएन, गतिमति ठीक थिएन। नागरिकको रिस थियो। रिसको कारण छन्, त्यो बुझ्नुपर्छ र त्यसका आधारमा हामीले पार्टीका कार्यक्रम अघि बढाउनुपर्छ।' महामन्त्री थापाले संस्था जोगाउने र परिवर्तनको मुद्दा नमार्ने उद्देश्यले नै विशेष महाधिवेशनको आह्वान गरिएको बताएका छन्।

» बाँकी पृष्ठ ६